# काठमाडौँ उपत्यकाबाट प्रकाशित ब्रोडसिट दैनिक र साप्ताहिक पत्रिकाहरूको अनुगमन प्रतिवेदन, २०७५

न्यूनतम पारिश्रमिक अनुगमन उपसमितिद्वारा

न्यूनतम पारिश्रमिक निर्धारण समितिमा प्रस्तुत

मिति : २०७५, असार


**प्रस्तुतकर्ता**

संयोजक : केपी गौतम

सदस्य : ईश्वरी ओझा

सदस्य : यम विरही

सदस्य : भीष्मराज ओझा

सदस्य : गणेशराम पोखरेल

सदस्य : प्रमोद मैनाली

सदस्य : लक्ष्मी दुरा

# ब्रोडसिट दैनिक र राष्ट्रिय साप्ताहिक पत्रिकाहरूको अनुगमन प्रतिवेदन- २०७५

न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकिएको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सञ्चार प्रतिष्ठान, त्यहाँ कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको सेवाका शर्त, सुविधा एवम् मासिक पारिश्रमिक सम्बन्धमा अनुगमन गर्दै आएको छ ।

समितिबाट सञ्चार प्रतिष्ठानहरूमा गरिने अनुगमनलाई थप प्रभावकारी बनाउन यस पटक सञ्चारमाध्यमको प्रकृति अनुसार छापामाध्यम, टेलिभिजन, रेडियो र अनलाइनमा अनुगमनका लागि छुट्टा छुट्टै चार उपसमिति गठन गरिएको थियो ।

जसमध्ये न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल पत्रकार महासंघ, सूचना विभाग, प्रेस काउन्सिल नेपाल, सञ्चार मन्त्रालय, श्रम विभाग र लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय समाजका प्रतिनिधि रहेको छापामाध्यम अनुगमन उपसमिति एक हो ।

यस उपसमितिले अनुगमनको जिम्मेवारी अनुसार काठमाडौं उपत्यकाभित्र मुख्य कार्यालय रहेका ब्रोडसिट दैनिक पत्रिकाका कार्यालय तथा केही साप्ताहिक पत्रिकामा स्थलगत निरिक्षण गर्दै सञ्चार सँस्थाको अनुगमनका समयमा उपस्थित व्यवस्थापक, श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारसँग छुट्टा छुट्टै र संयुक्त रुपमा छलफल गरेको थियो । अनुगमनका क्रममा ब्रोडसिट दैनिकका व्यवस्थापक, श्रमजीवी र नेपाल पत्रकार महासंघको प्रतिष्ठान शाखासँग समेत समन्वय गरी परिमार्जित ढाँचाअनुसार फारम भराईएको छ । यस्तै साप्ताहिक पत्रिकाका प्रकासक, संपादक, कामदार, पत्रकारसँग पनिप्रत्यक्ष संबाद गरिएको छ । ११ वटा दैनिक र पाँचवटा साप्ताहिकमा भएको छलफल, सम्वाद, भरिएका फारम र प्रत्यक्ष भेटघाटका आधारमा यो अनुगमन प्रतिवेदन तयार गरिएको हो ।

## अनुगमनको उद्देश्य

- पत्रिकाहरूमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी कामदारले श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियम बमोजिम पारिश्रमिक पाए/नपाएको जानकारी लिने, नियुक्तिपत्र प्राप्त गरे/नगरेको जानकारी लिने ।
- पत्रिकाहरूमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी कामदारले नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक कुन रुपमा प्राप्त गरेका छन् भन्ने जानकारी लिने ।
- पत्रिकाहरूमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी कामदारले महिना महिनामा नियमित पारिश्रमिक प्राप्त गरे/नगरेको जानकारी लिने र पत्रिकाहरूमा देखिएका समसामयिक विषयमा लिखित तथा मौखिक जानकारी लिई प्रतिवेदन न्यूनतम पारिश्रमिक निर्धारण समितिमा प्रस्तुत गर्ने ।

## अनुगमनमा अपनाइएको विधि

- अनुगमनमा जाँदा व्यवस्थापक, श्रमजीवी पत्रकार, कर्मचारी कामदार एवं नेपाल पत्रकार महासंघ, प्रतिष्ठान शाखालाई जानकारी गराएको ।

- पत्रकार, कर्मचारी, कामदार र व्यवस्थापनको तर्फबाट भर्ने फाराम छलफलकै क्रममा प्रत्यक्ष रुपमा भराएर न्यूनतम् पारिश्रमिक निर्धारण उपसमितिले संकलन गरेको ।
- अनुगमनको लागि उपसमितिका संयोजकलगायत सबै सदस्यहरू ब्रोडसिट दैनिक पत्रिका एवम् साप्ताहिकको कार्यालयमा स्थलगत अनुगमनमा उपस्थित भएको र
- व्यवस्थापक, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारसँग छुट्टाछुट्टै अन्तरक्रिया गरी सुझाव संकलन गरिएको ।

## अनुगमनको क्षेत्र र सीमाहरू

पत्रिकाहरूमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरूको लागि प्रद्त्त हक अधिकार सुनिश्चित गर्नका लागि व्यवस्था गरिएका कानूनी प्रावधानहरू लागू भए नभएको सम्बन्धमा अनुगमन गरिएको छ । नियुक्ति पत्र सबैले प्राप्त गरे/नगरेको, सरकारबाट निर्धारित मासिक पारिश्रमिक दिने व्यवस्था भए/नभएको र महिना महिनामा पारिश्रमिक भुक्तानी भए/नभएको भन्ने व्यहोराका साथै सञ्चार प्रतिष्ठानमा रहेको दरबन्दी र सोमा कार्यरत श्रमजीवीहरूको वास्तविक विवरणका साथै समसामयिक विषयमा उपसमितिले सूचना संकलन गरेको छ । यसका साथै उपसमितिले तहगत र योग्यताका आधारमा पारिश्रमिक पाए नपाएको, बिमा, विरामी सुविधा, अन्य विदा र कोष कट्टी भए नभएको विषयमा पनि अनुगमन गरेको छ । कामदार, पत्रकार र कर्मचारीले आफूलाई परेका मर्का बेनामी उजुरीका रुपमा उपलब्ध गराउने प्रावधान बारे पनि जानकारी गराएको छ ।

## अनुगमनको महत्व

- अनुगमनले सञ्चार प्रतिष्ठान र सम्बद्ध पक्षसँग रहेको समस्याहरूलाई एकआपसमा बाँड्दै समाधानको बाटो पहिल्याउन सकिन्छ ।
- सरोकारवाला निकायहरूसँगको सहकार्यमा सञ्चारमाध्यमका समस्या सुल्झाउँदै त्यहाँ कार्यरत पत्रकार, कर्मचारी र कामदारको हक अधिकार थप बलियो बनाउन सकिन्छ ।
- सरकारी निकाय, सरोकारवाला संस्था, सञ्चार प्रतिष्ठान तथा सोका व्यवस्थापक, श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदार बीच सुमधुर सम्बन्ध विस्तार हुने विश्वास गर्न सकिन्छ ।
- सञ्चार प्रतिष्ठानको संबर्द्धन गर्दै श्रमजीवीहरूको हितमा अघि बढ्न यो अनुगमन कार्यले थप सहयोग मिल्नेछ भन्ने आशा यस उपसमितिले लिएको छ ।

## स्थलगत अनुगमनका क्रममा देहायबमोजिमको अवस्था पाइयो

- व्यवस्थापन र श्रमजीवी पक्ष र त्यहाँ रहेको पत्रकार महासंघ शाखासँग गरिएको अन्तरक्रिया, पेश गरेको कागजात र दिइएका जवाफ, भरिएको फाराम हेर्दा व्यवस्थापन र श्रमजीवीहरूको भनाइमा केही फरक रहेको पाइयो ।
- गोरखा पत्र दैनिक र राष्ट्रिय समाचार समिति (रासस) मा श्रमजीवी पत्रकार ऐन र ऐनका सेवा सुविधा सबै कार्यान्वयन भएको देखियो । राज्यद्वारा संचालित यी दुबै सञ्चारमाध्यममा स्टिङ्गर र करारमा कार्यरत सहयोगी कर्मचारीमा भने न्यूनतम् पारिश्रमिक, अन्य सुविधा नपाएको समस्या रहेको देखियो ।

- कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका दैनिक, दि हिमालय टाइम्स र कारोबार दैनिकमा कार्यरत अधिकाँस पत्रकार, कर्मचारीलाई नियुक्तिपत्र उपलब्ध गराइएको देखियो । तर उनीहरुको न्यूनतम पारिश्रमिक र अन्य सुविधा भने पूर्ण रुपमा लागु भएको देखिएन । कतिपयको हकमा एकमुष्ट रुपमा ऐनले न्यूनतम् तोकेको भन्दा बढी नै तलब उपलब्ध गराइए पनि त्यो रकम तलब मात्रै नभएर अन्य सेवा, सुविधाका नाममा दिइने गरेको पत्रकार, कर्मचारी र कामदारले बताएका छन् । तर "पे स्केल" ऐन नियमद्वारा तोकेको न्यूनतम् पारिश्रमिक भन्दा कम र अन्य सुविधा जोड्दा मात्र न्यूनतम्को सीमा नाघेको भेटियो ।
- नेपाल समाचारपत्र दैनिक, राजधानी दैनिक, हिमालय टाइम्स दैनिक, सौर्य दैनिकमा केही पत्रकार कर्मचारीले ऐन लागू नभएको उपसमितिलाई जनाएका छन् । तर व्यवस्थापन पक्षले भने नियुक्ती दिई न्यूनतम् पारिश्रमिक र अन्य सेवा सुविधा लागू गरेको दावी गरेको छ । श्रमजीवीबाट भरिएको फारामबाट हेर्दा केहीमा तोकिएको न्यूनतम पारिश्रमिक समेत दिइएको देखिँदैन ।
- अधिकांश दैनिक पत्रिकामा मासिक रुपमा तलब भुक्तानी विगतभन्दा सुधारिदै आएको भएपनि केहीमा भने अझै आन्तरिक कारण देखाउँदै आनाकानी र ढिलासुस्ती हुने गरेको पाइयो ।
- उपलब्ध गराइएको अनुगमन फाराम भर्न कतिपय व्यवस्थापन पक्ष तथा श्रमजीवी पत्रकार, कर्मचारीहरू समेत संवेदनशील नभएको पाइयो । न्यूनतम पारिश्रमिक निर्धारण समितिको नियमित र कर्मकाण्डी काम भएको ती व्यक्तिको टिप्पणी थियो । श्रमजीवि पत्रकारका मौखिक गुनासा धेरै भए पनि लिखित उजुरी गरिहाल्न आनाकानी र संकोच पाइयो ।
- पत्रिकामा काम गरिरहेका व्यक्तिले एकमुष्ट तलब पाए पनि नियुक्तिपत्रमा आफ्नो न्यूनतम तलब स्केल कति हो भन्नेबारे व्यवस्थगापन पक्षसँग खासै सोधपुछ नगर्ने गरेको देखियो ।
- धेरै दैनिक पत्रिकामा न्यूनतम् पारिश्रमिक १९ हजार ५०० पाएपछि श्रमजिवी पत्रकार ऐन लागु भएको भनेर चित्त बुझाएको पनि देखियो । श्रमजिवीहरुलाई उपसमितिले तलब बाहेक बिदा, संचयकोष, विमा, स्वास्थ्य उपचार सेवा, नियुक्ति पत्रको प्रावधानलगायत सुविधाका बारेमा जानकारी नभएको पनि पाईयो ।
- केही पत्रिकाका व्यवस्थापन पक्षले एकमुस्ट १९ हजार ५०० तलब उपलब्ध गराएर पत्रकार कर्मचारीको लगानी कोष, सञ्चयकोषलगायतका अन्य सुविधाबाट बन्चित गरिरहेको पनि देखियो । लामो समयसम्म स्थायी नगरिएको गुनासो पनि रह्यो ।
- साथै सञ्चार प्रतिष्ठानमा स्वीकृत सम्पूर्ण दरबन्दी र कार्यरत सम्पूर्ण श्रमजीवी पत्रकार, कर्मचारीहरूको शुरु पारिश्रमिक खुलेको विवरण भर्न समेत आनाकानी गरेको पाइयो ।
- सञ्चामाध्यमका व्यवस्थापनले कार्यरत कर्मचारीको स्थायी, अस्थाई र करार संख्या बारे खुलेर कुरा गर्न आनाकानी गर्ने गरेको पनि देखियो । पत्रकार कामदारलाई सेवा सर्त सुविधाका सन्दर्भमा व्यवस्थापन पक्षले जानकार नदिएको पाईयो ।

## अनुगमनका क्रममा प्राप्त सुझाव, सल्लाह, र धारणा

- दैनिक पत्रिकाको अनुगनमनका क्रममा अधिकांशले अहिलेको बजार मंहगी अनुसार न्यूनतम पारिश्रमिक तलब कम भएको गुनासो गर्दै तत्काल कम्तिमा नेपाल सरकारको शाखा अधिकृतस्तरको तलब निर्धारण गर्न सुझाव दिएका थिए ।

- त्यस्तै कतिपयले न्यूनतम पारिश्रमिक निर्धारण समितिको अनुगमन नियमित र कर्मकाण्डी काम जस्तो भएको टिप्पणी गर्दै अनुगमनमा देखिएका सुभाव र सूचनालाई प्रभावकारी कार्यान्वयनका लागि जोड दिन आग्रह गरेका थिए ।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन तथा नियमावली अनुसार सुरु तलब स्केल नै नेपाल सरकारको शाखा अधिकृत स्तरको हुने गरी नियुक्तीपत्रमा उल्लेख गर्नुपर्ने । भत्ता, सुविधालगायतलाई तलबमा गणना गर्न नहुने ।
- सूचना विभागले प्रेस पास प्रयोजनका लागि सञ्चार संस्थाले बुझाएको विवरणको नियमित अनुगमन गरी कार्यान्वयन नभएको पाईएमा त्यस्ता संस्थालाई दिइने विज्ञापन लगायतका सुविधा सहुलियत रोक्नुपर्ने ।
- अनुगमनमा पत्रकार तथा कर्मचारी कामदारहरुले तह, योग्यता र पद अनुसारको तलब समायोजन गर्नुपर्ने, ऐनका बाँकी प्रावधानको कार्यान्वयन तथा पत्रकार वृत्ति विकासको लागि थप काम गर्नुपर्ने, न्यूनतम पारिश्रमिकको व्यवस्था कार्यान्वयन गर्न पहल गरिरहनु पर्नेलगायतका धारणा राखेका थिए ।
- त्यस्तै केही पत्रिकाका व्यवस्थापन पक्षले पत्रिका घाटामा चलाईरहेको भन्दै सरकारले केही सुविधा उपलब्ध गराउनुपर्ने र सरकारी विज्ञापनमा समानुपातिक विज्ञापन प्रणाली लागु गनुपर्ने माग गरेका थिए ।
- श्रमजिवी पत्रकारले पत्रिकाको आन्तरीक बिनियमावलीका बारेमा समेत अनुगमन गर्न सूचना विभागलाई आग्रह गरेका थिए ।
- मिडिया हाउसलाई थप सुविधाको व्यवस्था गर्दै पत्रकारको सामान्य जीवनयापन गर्ने सेवासुविधा प्रदान गर्न संचार गृहलाई कानूनी रुपमा दबाब दिनुपर्ने सुझाव प्राप्त भएको छ ।
- हरेक मिडियामा कार्यरत पत्रकार, कर्मचारी र कामदारको बिमा, स्वास्थ्य उपचार र सञ्चयकोषको व्यवस्था गर्न दबाब दिइनुपर्ने, पत्रकारले आफ्नो क्षमता विकास गर्दै पत्रकारितालाई अझ मर्यादित तथा जिम्मेवार बनाउनुपर्ने, अनुगमन निरन्तर गरिनुपर्ने र प्रभावकारिता बढाउने तर्फ काम गनुपर्ने सुझाव पनि आएका छन् ।
- सरकारी संचार माध्यममा कार्यरत करार र स्ट्रिन्जरको हकमा तोकिएको पारिश्रमिकमा अन्य सुविधा थप गरी न्यायोचित बनाउनुपर्ने सुझाव प्राप्त भएको छ ।
- अधिकांस व्यवस्थापकले श्रमजीवि ऐन लागू गरेको दावी गर्नुका साथै ऐन लागू गर्नेतर्फ सजग हुने कुरामा प्रतिबद्धता देखाएका थिए । केही पत्रिकाका पत्रकारहरुले पत्रकार बन्नलाई कुनै परिक्षाको व्यस्था गरे यो व्यवसाय मर्यादित र व्यवस्थित हुने सुझाव समेत दिए ।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐनमा रहेका कतिपय बुँदाहरू अव्यवहारिक रहेकोले यसलाई तत्कालै संशोधन तथा परिमार्जित गरी सरोकारवाला सबै पक्षलाई मान्य हुने किसिमले सरल र सहज ढंगबाट लागू गर्न सकिने सुझाव आएको छ ।
- अनुगमनका क्रममा समानुपातिक विज्ञापन वितरणका लागि विज्ञापन प्राधिकरण गठनगर्नुपर्ने, संचार क्षेत्रमा रहेको लगानीको सुरक्षा तथा सम्बर्धन गर्नुपर्ने, पत्रकार, कर्मचारीले क्षमता, योग्यता विकासमा ध्यान दिनुपर्ने सुझाव आएको छ ।

- पारिश्रमिकको भुक्तानी बैकिङ प्रणालीमार्फत हुनुपर्ने तथा सञ्चार संस्थाले दाबी गरेबमोजिमको चेकजाँचको व्यवस्था गरिनुपर्ने ।
- ब्रोडसिट दैनिक बाहेक प्रतिनिधमूलक रुपमा अनुगमन गरिएका पाँचवटा साप्ताहिक पत्रिकाहरु देशान्तर, छलफल, साँघु, तरुण र नयाँ विकल्प साप्ताहिकमा अनुगमन गर्दा न्यूनतम् पारिश्रमिक कार्यान्वयनमा समान धारणा भेटियो ।
- साप्ताहिक पत्रिकामा प्रायः दुई दिनमात्र काम हुने, करारमा तथा आंशिक रुपमा काम गर्ने कामदार रहेको देखियो । साथै थोरै लगानी  कम कामदारका कारण श्रमजिवी पत्रकार ऐन कार्यान्वयनमा चुनौती रहेको धारणा रह्यो ।
- साँघु साप्ताहिकसहितका कतिपय साप्ताहिकका सम्पादकले आफ्नो हकमा श्रमजिवी पत्रकार ऐन र नियम नै अव्यवहारिक रहेको भन्दै यस्लाई संशोधन जरुरी रहेको सुझाव दिए । समाचार किनेर छाप्ने गरिएकाले पत्रकार राखेर न्यूनतम् तलब दिनुपर्ने जरुरी नभएको भनाई पनि रह्यो । राज्यले समानुपातिक विज्ञापनमा भेदभाव गरेका कारण ऐन कार्यान्वयन गर्न समस्या रहेको, पञ्चायतकालदेखि लोकतन्त्रका लागि मिसन पत्रकारिता गरे पनि राज्यबाट उपेक्षित भएको, राज्यबाट अनुदान, समानुपातिक विज्ञापन, कर सुविधा दिएर बचाउनुपर्ने सुझाव प्रकाशकको रह्यो ।

## अनुगमन उपसमितिका सुझाव

## तत्कालीन सुझाव

१. सञ्चार प्रतिष्ठानमा कार्यरत सबै श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरूलाई तोकिएको ढाँचामा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक दिन र प्रत्येक महिनाको तलब महिना महिनामा बैंकिङ प्रणालीमार्फत भुक्तानी गर्न निर्देशन दिनुपर्ने ।

२. पत्रकारको न्यूनतम् तलब नेपाल सरकारको शाखा अधिकृत सरह आधारभूत रुपमा तोकिनुपर्छ, सेवा सुविधाबाहेक तलब स्केल किटान गरेर पत्रचार गर्नुपर्ने । सो नगर्ने सञ्चार प्रतिष्ठानको छड्के अनुगमन गरी यस्ता कार्य पुरा नगरेसम्म राज्यले उपलब्ध गराउने लोककल्याणकारी विज्ञापन लगायतका सरकारी सुविधामा रोक लगाउने व्यवस्था गरिनुपर्ने ।

३. सञ्चार प्रतिष्ठानमा कार्यरत सबै श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरूलाई तोकिएको ढाँचाको नियुक्तिपत्र दिइएको र न्यूनतम पारिश्रमिक प्रत्येक महिनामा बैंकिङ प्रणालीमार्फत भुक्तानी गरिएको जाँचपछि मात्र सूचना विभागको प्रेस पास र लोककल्याणकारी विज्ञापन बापतको रकम भुक्तानी गरिनुपर्ने,

४. सञ्चार प्रतिष्ठानमा स्वीकृत सम्पूर्ण दरबन्दी र कार्यरत सम्पूर्ण श्रमजीवी पत्रकार, कर्मचारीहरूको शुरु पारिश्रमिक खुलेको विवरण तुरुन्तै सूचना विभागमा समेत पठाउने व्यवस्था हुनुपर्ने । त्यस्ता विवरण विभागबाट कडाईका साथ जाँच तथा अनुगमन गर्नुपर्ने ।

५. सम्बन्धीत संचारगृहले ऐनमा तोकिएबमोजिम कल्याणकारी कोष तत्काल खडा गर्नुपर्ने ।

## दीर्घकालिन सुझाव

१. तोकिएको योग्यताको अतिरिक्त पत्रकारिता सम्बन्धी तालिम लिएका व्यक्तिहरूमात्र सञ्चार प्रतिष्ठानको श्रमजीवी पत्रकारको पदमा नियुक्ति गर्ने व्यवस्था गरिनुपर्ने ।

२. आंशिक रुपमा कार्यरत रहने श्रमजीवी पत्रकार तथा कर्मचारीको न्यूनतम पारिश्रमिक कति हुने भन्ने स्पष्ट गरिनु पर्ने ।

३. व्यवस्थापक श्रमजीवीहरूबीच सुमधुर सम्बन्ध कायम राख्न अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने, श्रमजीवी पत्रकार सम्बन्धी ऐन तथा नियमावलीमा भएका सबै प्रावधानहरूको पालना गर्दै सबै पत्रिकाहरूले आफ्नो सञ्चार प्रतिष्ठानको विनीयमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गर्नुपर्ने ।

४. ऐन कार्यान्वयन नगर्ने सञ्चारमाध्यमलाई समितिले कारवाहीको सिफारिस गर्नुपर्ने, श्रमजिवी कामदार पत्रकारलाई ऐनले तोकेका सेवासुविधा प्रवर्द्धन गर्ने सन्दर्भमा संचार संस्थाको सञ्चालन लागत कम गर्न राज्यको तर्फबाट व्यवस्थापकलाई आवश्यक सुविधाको व्यवस्था गरिनुपर्ने । पत्रिकाहरूको प्रकाशनको लागि पत्रिका दर्ता गर्दा जनशक्ति व्यवस्थापन, वित्तीय व्यवस्था सहितको व्यवसायिक कार्ययोजना लिने र सो को विश्लेषण गरी आवश्यक निर्णय गर्ने, संचारक्षेत्रसँग सम्बन्धित एकीकृत कानुनको निर्माण गरिनुपर्ने ।

५. भविष्यमा राज्यको सुविधा पाउने ठूला लगानीका व्यवसायिक संचारगृहले निश्चित रकम ग्यारेण्टी गरी मिडिया सञ्चालनको अनुमति दिनुपर्ने । सम्बन्धित संचार संस्थाले श्रमजीवीहरूलाई पारिश्रमिक नदिएको अवस्थामा ग्यारेण्टी वापतको उक्त रकमबाट भुक्तानी दिने कानुनी व्यवस्था गर्नुपर्ने ।

धन्यवाद ।

-----